फोन नं. ४४१९५९७
४४४३९०९
४४३६३०१
४४१२९२४
४४२१५९४

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
गोश्वारा हुलाक कार्यालय
डिल्लीवजार, काठमाण्डौ, नेपाल

प.सं. २०७७/७८
च.नं. ९८५

मिति २०७७/०६/१४

श्री सवै शाखा/लेखा अधिकृतज्यूहरू,
गोश्वारा हुलाक कार्यालय,
डिल्लीवजार, काठमाण्डौं ।

विषयः- चिठी लेखन प्रतियोगिता सम्वन्धमा ।

प्रस्तुत विपयमा हुलाक सेवा विभागको मिति २०७७/६/१३ गते (च.नं. २२) को पत्रमार्फत "विश्व हुलाक संघले तय गरेको यस वर्पको नारा "More than Mail" लाई सार्थक वनाउन श्रीमान महानिर्देशकज्यूलाई सम्वोधन गरी "हुलाक सेवालाई कसरी सुधार गर्न सकिन्छ?" भन्ने विषयमा वढिमा ५०० शव्दभित्र पत्र लेखन प्रतियोगीता सम्पन्न गरी कुनै १ उत्कृष्ट चिठी छनौट गरी यही मिति २०७७/६/२० गतेभित्र विभागमा पठाईदिने" निर्देशन प्राप्त हुन आएको हुँदा सो सम्वन्धमा ईच्छुक प्रतियोगी कर्मचारीहरूलाई चिठी लेख्न लगाउनुहुन तथा यस कार्यालयले समेत निम्न वमोजिमका कार्यक्रमहरू आयोजना गरेको हुँदा तपसिलका शर्तहरूको पालना गर्नु/गराउनुहुन अनुरोध गरिन्छ ।

(क). तपसिलः (चिठी लेखन प्रतियोगीता)

१. प्रत्येक शाखाले सबै कर्मचारी साथीहरूलाई यस विपयको जानकारी गराउने तथा अनुगमन/मूल्यांकन शाखाले मातहतका ईलाका हुलाक कार्यालयहरू र अतिरिक्त हुलाक कार्यालयहरूमा टेलिफोन वा मौखिक माध्यमवाट सूचित गर्ने तथा प्रतियोगीतामा सहभागी हुन प्रोत्साहन गर्ने,
२. हुलाक सेवा विभागले छनौट गरेको विषय वस्तु समेटिने गरी ५०० शव्द नवढ्ने गरी तथा शिष्ट, सभ्य, आदरार्थी र क्लिष्ट भाषा (नेपाली मात्र) प्रयोग गर्ने,
३. एक शाखावाट अधिकतम् २ पत्रहरू मात्र आउनुपर्ने, ईलाकाको हकमा एक ईलाकावाट एउटा चिठी आउनुपर्ने तथा मिति २०७७/६/१८ गतेभित्र सम्वन्धित शाखावाट अनुगमन तथा मूल्यांकन शाखामा यस्ता प्रतियोगी चिठीहरू पेश हुनुपर्ने ।
४. अनुगमन/मूल्यांकन शाखाका शाखा अधिकृत श्री सीता वेलवासेको संयोजनमा शाखा अधिकृत श्री निर्मला थापा, शाखा अधिकृत श्री संझना देवकोटा तथा शाखा अधिकृत श्री चुडामणी के.सी. सदस्य रहने गरी ४ सदस्यीय छनौट समिति मार्फत छनौट कार्य गर्ने ।

(ख). तपसिलः (गोश्वारा हुलाक कार्यालयले आयोजना गर्ने फोटो प्रतियोगीता, नारा लेखन प्रतियोगीता तथा चित्रकला प्रतियोगीता)

वेद प्रसाद भण्डारी
कार्यालय प्रमुख

Scanned with CamScanner

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग

## गोश्वारा हुलाक कार्यालय

डिल्लीबजार, काठमाण्डौ, नेपाल

फोन नं. ४४१९५९७
४४४३९०९
४४३६३०१
४४१२९२४
४४२१५९४

आ.व. २०७७/७८
च.नं.

१. प्रत्येक शाखावाट १/१ जना सहभागी हुने गरी फोटो खिच्ने प्रतियोगीता (आफ्नै क्यामेरा वा मोवाईलवाट फोटो खिच्नुपर्ने तथा छनौट समितिले प्रिन्ट गर्ने), हुलाक सेवाको लागि समय सुहाउदो नारा लेखन प्रतियोगीता तथा हुलाक सेवा झल्किने चित्रकला प्रतियोगीता (ईच्छुक चित्रकारले तल उल्लेखित छनौट समितिसँग समन्वय गर्ने तथा कार्यालयले कागज, रंग, आदिको व्यवस्था गर्ने) मा सहभागीताका लागि प्रोत्साहन गर्ने ।

२. यसरी आयोजना हुने विभिन्न प्रतियोगीता आफ्नो कार्यकक्षमा कसैसँग सम्पर्कमा नरही गर्नुपर्ने तथा कोरोनाको संक्रमण फैलाउने जोखिमवाट टाढा भई आफ्नो जिमेवारी पूरा गर्ने । आफुले तयार पारेको चित्र, फोटो वा नारा तल उल्लेखित समितिका सदस्यहरूलाई दिने तथा यसको संग्रह अनुगमन/मूल्यांकन शाखाले गर्ने ।

३. यी फोटो प्रतियोगीता, नारा लेखन प्रतियोगीता तथा चित्रकला प्रतियोगीतामा स्वैच्छिक सहभागीताका लागि अनुगमन/मूल्यांकन शाखावाट ईलाका, काउण्टर र अतिरिक्त हुलाकमा टेलिफोनवाट वा मौखिक माध्यमवाट अनुरोध गर्ने,

४. फोटो प्रतियोगीता, नारा लेखन प्रतियोगीता तथा चित्रकला प्रतियोगीतामा शाखावाट आउने सामाग्रीहरूको छनौट ना.सु. श्री टिकाराम रोकायको संयोजकत्वमा ना.सु. श्री राजु अर्याल, खरिदार श्री राजेन्द्र आचार्य, स्याम प्र. ढुंगेल, खरिदार श्री मणिराम पोखरेल, खरिदार श्री झविन्द्र वेलवासे तथा ई. श्री विदुर तामाङ्ग रहने । उत्कृष्ट नारा, फोटो तथा चित्रलाई कार्यालयले पुरस्कृत गर्ने तथा यस कार्यालयको वैठक कक्षमा प्रदर्शनीको लागि राखे ।

..........
(वेदप्रसाद भण्डारी)
कार्यालय प्रमुख
वेद प्रसाद भण्डारी
कार्यालय प्रमुख

वोधार्थः
आईटी फाँटः यो चिठी वेभसाईटमा अपलोड गर्नुहुन ।

Scanned with CamScanner

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
(डाँक तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा)

फोन :०१-४२२४११६
:०१-४२२४११७
फ्याक्स :०१-४२२४१४३
ई-मे info@postalservice.gov.np
Website www.postalservice.gov.r
बबरमहल काठमाण्डौं

पत्र संख्या :- २०७७।०७८
चलानी नं.- २२

मिति: २०७७।०६।१३

श्री गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार, काठमाण्डौं,
श्री केन्द्रीय धनादेश कार्यालय, बबरमहल, काठमाण्डौं,
श्री हुलाक प्रशिक्षण केन्द्र, बबरमहल काठमाडौं,
श्री फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन कार्यालय, डिल्लीबजार, काठमाडौं ।
श्री हुलाक निर्देशनालय (सबै ४),
श्री जिल्ला हुलाक कार्यालय, (सबै ७०) ।

विषय : विश्व हुलाक दिवस मनाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा ९ अक्टोबर तदनुसार मिति २०७७ साल असोज २३ गते शुक्रवार १४६ औं विश्व हुलाक दिवस मनाउने सम्बन्धमा हुलाक सेवा विभागका महानिर्देशकज्यूको अध्यक्षतामा गठित मूल समारोह समितिले देहायबमोजिम निर्णय गरेकोले उक्त निर्णयहरू कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छः-

१. सबै केन्द्रीय कार्यालयहरू, हुलाक निर्देशनालयहरू र जिल्ला हुलाक कार्यालयहरूले विश्व हुलाक दिवस अक्टोबर ९ मा विविध कार्यक्रम सहित मनाउने। विश्वभर महामारीको रुपमा फैलिरहेको Covid-19 बाट सुरक्षित रहनका लागि स्वास्थ्य सुरक्षाका सबै मापदण्डको पालना गर्दै कार्यक्रमलाई भीडभाडयुक्त नबनाउने।
२. विश्व हुलाक संघले तय गरेको यस वर्षको नारा "More than Mail" लाई सार्थक बनाउन श्रीमान महानिर्देशकज्यूलाई सम्बोधन गरी "हुलाक सेवालाई कसरी सुधार गर्न सकिन्छ?" भन्ने विषयमा ५०० शब्दभित्र पत्र लेखन प्रतियोगिता सम्पन्न गरी सबै केन्द्रीय कार्यालयहरु, हुलाक निर्देशनालयहरु र सबै जिल्ला हुलाक कार्यालयहरुबाट १-१ वटा उत्कृष्ट पत्र सम्बन्धीत कार्यालयहरुले छनौट गरी हुलाक सेवा विभागको ई-मेल ठेगाना info@postalservice.gov.np मा मिति २०७७/०६/२० गते भित्र आइपुग्ने गरी पठाइदिने व्यवस्था गर्ने/गराउने।
३. उत्कृष्ट प्रथम, द्वितीय र तृतीय हुने पत्र लेखकहरुलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ।
४. कार्यक्रम सम्पन्न भएको विवरण सातदिन भित्र हुलाक सेवा विभागमा प्रतिवेदन गर्ने।

२०७७।६।१३

विनोद प्रसाद उपाध्याय
निर्देशक

Scanned with CamScanner